# प्रेस विज्ञप्ति- ३४९

# Press Release- 349

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ
मिति: २०८०।१२।२८ गते।

**अवैध लागु औषध खैरो हेरोईन १९४.८५० ग्राम, नियन्त्रित लागु औषध ५०३ एम्पुल एवं मनोद्विपक पदार्थ नाईट्रोभेट १२०० ट्याब्लेट सहित १० जना मानिस पक्राउ।**

विशेष सूचनाको आधारमा लागु औषध नियन्त्रण व्यूरो द्वारा संचालित प्रहरी कार्वाहीको क्रममा निम्नानुसारको अवैध लागु औषध एवं मनोद्विपक पदार्थको कारोवार गर्ने व्यक्तिहरुलाई पक्राउ गरी निजहरु उपर लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम सम्बन्धित सम्मानित जिल्ला अदालतबाट लागु औषध मुद्धामा म्याद थप गरी थप अनुसन्धान भई रहेको व्यहोरा अनुरोध गरिएको छ।

- लागु औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले मिति २०८०।१२।१९ गते जिल्ला काठमाण्डौ,का.म.न.पा. १६ बाट जिल्ला मोरङ, उर्लाबारी न.पा. ३ बस्ने बर्ष ३४ को नविन धितालालाई **लागु औषध खैरो हेरोईन १४ ग्राम** सहित पक्राउ गरी थप अनुसन्धान भई रहेको।
- काठमाण्डौ केन्द्रित बनाई लागु औषध खैरो हेरोईनको कारोवार गर्ने मुख्य व्यक्ति जिल्ला सप्तरी राज विराज न.पा. वडा नं. ९ बस्ने बर्ष ७२ को प्रमानन्द मेहता र काठमाडौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ४ बस्ने बर्ष ३६ को बिकास कार्की समेत लाई मिति २०८०।१२।२० गते लागु औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले जिल्ला ललितपुर, महालक्ष्मी न.पा. ४ बाट **अवैध लागु औषध खैरो हेरोईन ७२ ग्राम** सहित पक्राउ गरी यस कार्यालयबाट थप अनुसन्धान भई रहेको।
- लागु औषध खैरो हेरोईनको बिक्रिवितरणको कारोबारमा संलग्न बर्ष २८ को भारतिय नागरिक विकास कुमारलाई लागु औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले मिति २०८०।१२।२१ गते जिल्ला काठमाण्डौ, का.म.न.पा. १६ बाट **अवैध लागु औषध खैरो हेरोईन १५ ग्राम ५०० मिलिग्राम** सहित पक्राउ गरि यस कार्यालयबाट थप अनुसन्धान भई रहेको।
- लागु औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले मिति २०८०।१२।२२ गते जिल्ला काठमाण्डौ,का.म.न.पा. ७ चावहिलबाट जिल्ला सुनसरी, धरान उ.म.न.पा. ६ बस्ने बर्ष २६ को सन्जय लिम्बु र जिल्ला मोरङ, बिराटनगर म.न.पा. १५ बस्ने बर्ष ३० को विकास मण्डल समेतलाई **अवैध लागु औषध खैरो हेरोईन २४ ग्राम ८५० मिलिग्राम** सहित नियन्त्रणमा लिई यस कार्यालयबाट थप अनुसन्धान भई रहेको।
- नियन्त्रित लागु औषध नाईट्रोभेट ट्याब्लेट बिक्री वितरण कार्यमा संलग्न भारत सितामणी जिल्ला ग्राम मसाहा नरोत्तम बेगाही विहार बस्ने बर्ष २६ को धिरज कुमारलाई मिति २०८०।१२।२३ गते लागु औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले जिल्ला काठमाण्डौ, गोकर्णेश्वर न.पा. वडा नं. ५ जम्बुडाँडाबाट **नाईट्रोभेट १२००ट्याब्लेट** सहित पक्राउ गरी यस कार्यालयबाट थप अनुसन्धान भई रहेको।
- लागु औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट शाखा कार्यालय थानकोटबाट खटिएको प्रहरी टोलीले मिति २०८०।१२।२५ गते जिल्ला काठमाण्डौ, चन्द्रागिरी न.पा. २ बाट जि.सिराहा मिर्चैया न.पा. ०५ बस्ने बर्ष २३ को धिरज कुमार साह लाई चेक जाँच गर्ने क्रममा **अवैध लागु औषध खैरो हेरोईन ६८ ग्राम ५० मिलिग्राम** सहित पक्राउ गरी प्रहरी वृत थानकोटबाट थप अनुसन्धान भई रहेको।
- मिति २०८०।१२।२७ गते लागु औषध नियन्त्रण व्यरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले जिल्ला काठमाण्डौ गोकर्णेश्वर न.पा. ८ नारायणटारबाट जिल्ला सिराहा, बिष्णुपुर कट्टी न.पा. ८ बस्ने बर्ष २५ को सुरेस तामाङ र जिल्ला रामेछाप सुनापती गा.पा. वडा नं.२ बस्ने बर्ष २५ को छिरिङ तामाङ समेतलाई **नियन्त्रित लागु औषध ५०३ एम्पुल** सहित पक्राउ गरि यस कार्यालयबाट थप अनुसन्धान भई रहेको।





**प्रवक्ता / सूचना अधिकारी**
(रामेश्वर कार्की)
प्रहरी उपरीक्षक
सम्पर्क नम्वर : ९८५११३२७४३

Contact no.:014611048, email: ncb@nepalpolice.gov.np, www.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal